म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १२८ बिहीबार, ४ पुस २०८१ ने. सं. ११४५ थिलागा 19 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## फरार प्रतिबादी ३३ वर्षपछि पक्राउ

हेटौंडा, ३ पुस/३३ वर्षदेखि फरार रहेका लुटपाट मुद्दाका प्रतिवादी मकवानपुरको थाहा नगरपालिका-६ का ६४ वर्षीय भवनाथ अर्याललाई प्रहरीले पक्राउ गरेको छ ।

मकवानपुर जिल्ला अदालत हेटौंडाले वि.स.२०४८ साल माघ ६ गतेको फैसलाअनुसार उनलाई रु. १,५७५ जरिवाना सजाय तोकेको थियो । फैसला कार्यान्वयनका क्रममा वारदातपछि फरार रहेका अर्याललाई लामो समयपछि खोजतलास गरी पुस २ गते पक्राउ गरिएको हो ।

पक्राउपछि आवश्यक कानूनी प्रक्रिया पूरा गरी उनलाई मकवानपुर जिल्ला अदालत हेटौंडामा बुझाइएको छ । प्रहरीले यसलाई पुराना मुद्दाका फरार प्रतिवादीलाई कानूनी दायरामा ल्याउने प्रयासको एक महत्वपूर्ण उपलब्धि मानेको छ ।

प्रदेश प्रमुखको सन्देश

# प्रदेशवासीको हित नहुने कानुन बनाउनु अर्थहीन

साझाकुरा संवाददाता



हेटौंडा, ३ पुस/ बागमती प्रदेशका प्रदेशप्रमुख दीपक प्रसाद देवकोटाले प्रदेशवासीको हित नहुने प्रकारको कानुन निर्माण गर्नु अर्थहीन रहेको सन्देश दिएका छन् ।

जिल्ला समन्वय समिति मकवानपुरको गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै उनले प्रदेशवासीको हित नहुने कानुन बनाउनुको कुनै अर्थ नहुने बताएका हुन् । संविधानसँग मेल नखाएका प्रदेशका कानुनलाई संशोधन गर्नुपर्ने उनको भनाई थियो । सम्बिन्धत निकायको परामर्शमा संविधानसँग बाझिएका ऐन कानुनलाई परिवर्तन गर्नुपर्ने उनले बताएका हुन् ।

प्रदेशप्रमुख देवकोटाले तीनवटै तहको सरकारबीच देखिएका समस्याको विषयमा एउटा निष्कर्षमा पुगेर समाधान निकाल्नुपर्ने बताए । समन्वयात्मक भूमिकामा रहेर चुस्त, दुरुस्त कार्यसम्पादन गर्नु नै जिल्ला समन्वय समितिको 'गाइडलाइन' भएको उनको भनाई छ । देवकोटाले जिल्ला समन्वय समितिले चुस्त, दुरुस्त कार्यसम्पादन गर्न समन्वयात्मक भूमिकामा रहेर निर्देशकको भूमिका निर्वाह गर्न निर्देशन दिए । व्यक्तिले शान्त र एक्लै भएको बेला आफ्नो ब्रम्हले उचित र निष्पक्ष कार्य गरेको स्वमूल्यांकन गरेर गर्व महसुश गर्ने गरी काम गर्नु पर्ने देवकोटाको भनाई छ ।

जिल्ला समन्वय समितिले जिल्लामा रहेका स्थानीय तहलाई समन्वयकारी भूमिका निर्वाह गर्न पनि उनले निर्देशन दिएका छन् । राज्यका तीनै तहसँग समन्वय, विकास निर्माण अनुगमन, प्रकोप तथा बिपत् ब्यवस्थापन समन्वयमा समेत चुस्त रहनु पर्ने उनले सुझाव दिए । उनले विगतमा विकास गर्ने निकाय वर्तमानमा समन्वयको भूमिकामा रहेको बताउँदै उक्त भूमिकालाई न्यायोचित रुपमा अघि बढाउन आग्रह गरे ।

देवकोटाले कुनै दल र स्वार्थबिना मकवानपुरको माटो र जनचाहनालाई प्राथमिकतामा राखेर अघि बढ्न पनि सुझाव दिएका छन् । 'हामीले बोलेर होइन गरेर देखाउनु पर्दछ । किनकि मानिस सुन्न होइन, देख्न चाहन्छ । जटिल परिस्थितिमा अनुकूलता खोज्न कुनै दल र स्वार्थबिना मकवानपुरको माटो र जनचाहनालाई प्राथमिकतामा राखेर अघि बढ्न यहाँहरुलाई यस कार्यक्रमले हौसला प्रदान होस् । शुभकामना दिन चाहन्छु' देवकोटाले भने । आफूलाई छिट्टै नै बागमती प्रदेशअन्तर्गतका १३ वटै जिल्लाको भौगोलिक अवस्था अवलोकनसहित कम्तिमा जिल्ला सदरमुकामसम्म पुग्ने ईच्छा रहेको सुनाउँदै उनले त्यो पहिलो अवसर मकवानपुर जिल्लाले जुराइदिएको बताए । यसैगरी, बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले तीनवटै तहका सरकारबीच अझै पनि अन्यौलता रहेको बताएका छन् ।

बागमती प्रदेशमा आवश्यक ऐन कानुन बनाउन र बनेको कानुन कार्यान्वयनको लागि कार्यविधि बनाउन ढिलासुस्ती भएको उनको भनाई छ । सांसद् श्रेष्ठले जनताको बदलिँदो आवश्यकता र सीमित श्रोतसाधनबीच तालमेल मिलाउन पनि सरकारहरुबीच समन्वयको आवश्यक रहेको बताए ।

वार्षिक समीक्षा कार्यक्रममा मकवानपुरका १० वटा स्थानीय तहको वार्षिक कार्यप्रगति, अवसर, चुनौती तथा आर्थिक सवालमा समिक्षात्मक प्रस्तुती गरिएको थियो ।

यस्तै, जिसस प्रमुख ललितबहादुर बहादुर घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य कुमारी मोक्तान, एकालाल श्रेष्ठ, हेटौंडा नगरप्रमुख मीनाकुमारी लामा, जिसस उपप्रमुख सानुकाजी लुईटेल, गाउँपालिका अध्यक्ष/उपाध्यक्षहरु, प्रजिअ तीर्थराज चिलुवाललगायत सुरक्षा निकाय प्रमुखहरुको आतिथ्यता रहेको थियो । कार्यक्रममा मकवानपुरमा रहेर विभिन्न क्षेत्रमा गरेको योगदानको कदर गर्दै १३ बिधाका २४ जनालाई सम्मान गरिएको थियो ।

### कार्यसम्पादन मूल्यांकनमा थाहा र मनहरी उत्कृष्ट

जिल्लाका १० वटा स्थानीय तहमध्ये थाहा नगरपालिका र मनहरी गाउँपालिका (७३.५ प्रतिशत) कार्यसम्पादन मूल्यांकनमा उत्कृष्ट भएका छन् ।

जिल्ला समन्वय समिति मकवानपुरको बार्षिक समिक्षा २०८१ को अवसरमा मनहरी गाउँपालिका र थाहा नगरपालिका कार्यसम्पादन मूल्यांकनमा उत्कृष्ट स्थानीय तहका रुपमा सम्मानित गरिएको छ । हेटौंडा उपमहानगर पालिका ७१ प्रतिशत अंक ल्याएर दोस्रो, मकवानपुरगढी र कैलाश गाउँपालिका ७०.५ प्रतिशत अंक ल्याउँदै तेस्रो हुन सफल भएका छन् । जिल्ला समन्वय समितिले उत्कृष्ट कर्मचारीका रुपमा इन्द्रसरोबर गाउँपालिकामा कार्यरत राजन खतिवडा र जिससकै सव ईन्जिनियर पूजा यादवलाई सम्मान गरेको छ ।

समाजसेवातर्फ अर्पण पराजुली र कल्पना शर्मालाई सम्मान गरिएको छ । सामुदायिक वनतर्फ मकवानपुरगढी-४ को मनकामना सामूदायिक वन उपभोक्ता समूह, पत्रकारितातर्फ गणेश दर्पण अधिकारी र भावना रिजाल सम्मानित भएका छन् । एसईईमा उत्कृष्ट विद्यालयका रुपमा प्रगति मावि र बालजागृति ईङ्लिस सेकेण्डरी स्कुललाई सम्मान गरिएको हो । उत्कृष्ट सहकारी, उत्कृष्ट खेलाडी, उत्कृष्ट सामुदायिक वन, घरेलु तथा महिलाउद्यमी, स्वास्थ्य स्वयम्सेविका र मेलमिलापकर्ता गरी १३ वटा विधामा २४ जनालाई प्रदेशप्रमुख देबकोटाले सम्मान प्रदान गरेका थिए ।

# कमानेमा ११ पुसदेखि महोत्सव आयोजनाको तयारी

साझाकुरा संवाददाता




हेटौंडा, ३ पुस/हेटौंडा उपमहानगरपालिका-८ कमानेमा कमाने महोत्सव-२०८१ हुने भएको छ । गतवर्षबाट सुरुवात गरिएको महोत्सव यसवर्ष दोस्रो कमाने महोत्सव २०८१ भनि महोत्सवको तयारी रहेको बुधबार पत्रकार सम्मेलन गरी जनाइएको छ ।

महोत्सवको तयारी पूरा भएको जानकारी दिँदै आयोजकले नीमचोकदेखि अम्मरसिंहपथससम्मको मुख्य सडकमै महोत्सव सञ्चालन गर्ने महोत्सवका संयोजक एवम् वडा नं. ८ का वडाध्यक्ष रामकृष्ण थापाले बताए ।

वडाको चालु कार्यक्रमअन्तर्गत् 'स्थानीय पर्यटन, स्थानीय सांस्कतिक प्रवर्द्धन, स्थानीय व्यापार प्रदर्शनी' भन्ने मूलनाराकासाथ आगामी पुष ११, १२ र १३ गते महोत्सवको आयोजना गर्न लागिएको वडाध्यक्ष थापाले बताए ।

उनले वडाभित्र रहेका स्थानीय कलासंस्कृति पहिचान र व्यापार, व्यवसाय प्रदर्शनी गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको बताएका हुन् । 'साना उद्योग तथा महिला उद्यमीको उत्पादनलाई बजारीकरण एवम् प्रदर्शनीमार्फत् वडामा रहेका १९ वटै टोल विकास संस्थाको उत्पादनले बजारमा आफ्नो पहिचान गराउन सकोस भन्ने हाम्रो मुख्य उद्देश्य हो', वडाध्यक्ष थापाले भने ।

कार्यक्रमलाई थप आकर्षक बनाउन वडाभित्र रहेका २१ वटा बालसमूहको विभिन्न सांस्कृतिक कार्यक्रम हुने जनाइएको छ । वडामा हुने महोत्सवले वडाका उत्पादनलाई बजारीकरण गर्न, विभिन्न समूहका सीपलाई उजागर गर्नुका साथै वडाका होटल व्यवसायीलाई आर्थिक टेवा पुग्ने विश्वास रहेको अध्यक्ष थापाले बताए ।

कार्यक्रम सम्पन्न गर्न कुल ८ लाख रुपैयाँ लागत लाग्ने अनुमान रहेको आयोजकले जनाएको छ । पत्रकार सम्मेलनमा महोत्सवका विभिन्न उपसमितिका संयोजकको सहभागिता रहेको थियो ।

# दुर्घटनामा घाइते भएका न्यौपानेको मृत्यु

साझाकुरा संवाददाता



हेटौंडा, ३ पुस/हेटौंडा उपमहानगरपालिका-४, रजजयन्ती चोकमा भएको सवारी दुर्घटनामा गम्भीर घाइते भएका एक व्यक्तिको उपचारका क्रममा मृत्यु भएको छ ।

पूर्व-पश्चिम राजमार्गमा ना ६ ख ३३७६ नम्बरको कनिका लोड ट्रक वीरगञ्जबाट हेटौंडातर्फ आउँदै गर्दा रजतयन्ती चोकबाट दाहिनेतर्फ मोडिने क्रममा अगाडि आएको साइकललाई बचाउने प्रयासमा ट्रक सडकको छेउमा सुतेका व्यक्तिलाई ठक्कर दिएको हो । दुर्घटनामा मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१, चौकीटोलका ३३ वर्षीय श्रीकृष्ण न्यौपानेको बाँया खुट्टाको घुँडा मुनीको भाग ट्रकले किचेको थियो ।

गम्भीर घाइते उनलाई उपचारका लागि हेटौंडा अस्पताल लगिएपछि थप उपचारका लागि नारायणी समन्वयमा भरतपुरस्थित ऐलाईफ अस्पताल रिफर गरिएको थियो । पुस २ गते बिहान ७:०० बजे न्यौपानेको उपचारका क्रममा मृत्यु भएको अस्पतालका चिकित्सकले पुष्टि गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । मृतकको शव भरतपुरस्थित ऐलाईफ अस्पतालमा राखिएको छ ।

# मनहरीमा रानाभाटको टिमको मतदाता भेटघाट



साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/ मकवानपुर उद्योग वाणिज्य संघको अध्यक्षका उम्मेदवार प्रमोदसिंह रानाभाट र उनको टिमले बुधवार मनहरी गाउँपालिकाको मतदातासँग भेटघाट गरेका छन् ।

मकवानपुरको दोस्रो ठूलो व्यापारिक केन्द्र मनहरीका व्यवसायीको हितमा योजना लिएर अघि बढिरहेका रानाभाटलाई मतदाताले उत्साहपूर्वक स्वागत गरे । चुनावी अभियानका क्रममा मतदातासँग संवाद गर्दै रानाभाटले आफू मकवानपुरका व्यवसायीको समस्याको समाधान र व्यवसाय प्रवर्द्धनका लागि प्रतिबद्ध रहेको बताए । उनले नयाँ उद्योग स्थापना, एकद्वार प्रणालीको कार्यान्वयन, महिला र युवा उद्यमीलाई सहुलियत कार्यक्रम र उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउने योजना राखे ।

मतदातासँगको संवादपछि रानाभाटले मतदाताबाट सकारात्मक प्रतिक्रिया पाएको बताएका छन् । 'मतदाताको उत्साह र समर्थनले हाम्रो अभियानलाई अझ बलियो बनाएको छ । उनीहरुले हाम्रा योजनालाई समर्थन र भरोसा व्यक्त गरेका छन्,' रानाभाटले भने । मनहरीका व्यवसायी र नागरिकले मकवानपुर उद्योग वाणिज्य संघमा सशक्त नेतृत्वको खाँचो रहेको बताउँदै रानाभाटप्रति विश्वास व्यक्त गरेका छन् । चुनाव नजिकिँदै जाँदा रानाभाटको अभियानले गति लिएको छ । व्यवसायीले यो निर्वाचनलाई नेतृत्व चयनको मात्र नभई व्यवसाय क्षेत्रको भविष्य तय गर्ने अवसरको रुपमा हेरेका छन् ।

# हेटौंडाबाट गोले पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/ हेटौंडाबाट लागूऔषध गाँजा ओसार पसारको आरोपमा जिल्ला प्रहरी कार्यालय मकवानपुरले एकजनालाई पक्राउ गरेको छ ।

प्रहरीले लागूऔषध गाँजा करिब ५ किलोसहित हेटौंडा उपमहानगरपालिका-१४ नयाँबस्ती बस्ने ३३ वर्षीय चन्द्रबहादुर गोलेलाई पक्राउ गरेको जनाएको छ । उनलाई इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

विशेष सूचनाको आधारमा पुगेको प्रहरीले उनको घर तलासी गर्दा गाँजा फेला परेपछि निजलाई पक्राउ गरिएको हो । पक्राउ परेका उनीमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाइएको छ ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडाका दुई विद्यालय एकीकरण

मकवानपुरको बिरासत बोकेका दुई ठूला विद्यालय एकीकरणको प्रक्रिया बिधिवतरुपमै अगाडि बढेको छ । हेटौंडा-४ मा रहेको आधुनिक राष्ट्रिय मावि र भुटनदेबी माविबीच एकीकरणको प्रक्रिया अगाडि बढेको हो । दुवै विद्यालय ब्यवस्थापन समितिको एकीकरणमा जाने सहमतीय निर्णयसहित हेटौंडा-४ वडा कार्यालयको सिफारिस मंगलबार उपमहानगरप्रमुख मीनाकुमारी लामालाई बुझाइएको छ । मेघा विद्यालय बनाउने अवधारणासहित पहिलोचरणमा दुई ठूला विद्यालयले एकीकरणको प्रक्रिया थालनी गरेका हुन् । हेटौंडाका दुई ठूला विद्यालय एकीकृत गरी 'मेघा विद्यालय' बनाउने अवधारणा अगाडि बढेको र दुबै विद्यालय ब्यवस्थापन समितिको निर्णयसहित वडाको सिफारिस लिएर नगरप्रमुखसमक्ष पुगेका टोलीलाई नगरप्रमुख लामाले अब प्रक्रिया अगाडि बढ्ने बताइन् । आरामाविमा करिब २८ सय बालबालिका र भुटनदेबी माविमा २२ बालबालिका अध्ययनरत छन् । भुटनदेबीमा प्राबिधिक धारका विषय पनि अध्यापन गराइन्छ । दुवै विद्यालय एकीकृत गर्दा अहिले नै ५ हजार विद्यार्थी हुनेछन् ।

नेपालको सबैभन्दा ठूलो मानिएको बुटवलको कालिका ज्ञानसागर माविमा करिब ८ हजार विद्यार्थी छन् । हरेक वर्ष प्रबेशपरीक्षा दिने एक हजार पाँचसय विद्यार्थीलाई भर्ना लिन नसकेका आरामाविले पर्याप्त कक्षाकोठा र जनशक्ति भएको अवस्थामा चार हजारदेखि ४५ सय विद्यार्थी यही विद्यालयमा अध्ययन गर्न सक्ने बताएको छ । भुटनदेबी मावि र आरामावि एकीकृत गरी मेघा विद्यालय संचालन गर्ने विषयमा करिव ६ महिना अघि बहस अगाडि बढाइएको हो । दुबै विद्यालय एकीकृत गरी राम्रोसँग ब्यवस्थापन गर्ने हो भने बुटवलको कालिका ज्ञानसागर माविमा भन्दा धेरै विद्यार्थी हेटौंडामा हुनेछन् । हेटौंडा प्रदेशको राजधानी पनि भएका कारण मेघा विद्यालय संचालन गरी हेटौंडालाई शैक्षिक हव बनाउने गरी अगाडि बढ्न खोजिएको हो । १० हजार विद्यार्थी अध्ययन गर्नसक्ने भौतिक पूर्वाधार निर्माण गर्ने र गुणस्तरीय शिक्षा दिएर उत्कृष्ठ विद्यार्थी उत्पादन गर्ने लक्ष्यका साथ प्रक्रिया अगाढि बढाइएको छ । चित्लाङमा संचालनमा आएको मदन भण्डारी प्राविधिक विश्वविद्यालय, प्रदेश सरकारले मकवानपुर बहुमुखी क्याम्पसलाई प्रादेशिक विश्वविद्यालय बनाउन गरिरहेको गृहकार्यलाई पनि मेघा विद्यालय संचालनले सहयोगी साबित हुनेछ । हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा क्याम्पस, मकवानपुर बहुमुखी क्याम्पस, त्रिविअन्तर्गतको वनविज्ञान अध्ययन संस्थान, नारयणी कलेज, सहीद आकाश मेमोरियल कलेज, एएफयू अन्तर्गतको कृषि तथा वनविज्ञान क्याम्पसले हेटौंडामा उच्चशिक्षा अध्यापन गराइरहेका छन् ।

यी सबै उच्चशिक्षा अध्यापन गर्ने कलेजले गुणस्तरीय विद्यार्थी पाउन सक्ने सम्भावना बढ्ने छ । हेटौंडा-४ का वडाअध्यक्ष नबीन सिग्देललगायत जनप्रतिनिधि, आरामावि र भुटनदेबी मावि ब्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक संघका प्रतिनिधिलगायत टोलीले नगरप्रमुख लामालाई दुई विद्यालय एकीकरण गरी मेघा विद्यालय बनाउने प्रक्रिया अगाडि बढाउन आग्रह गरेका थिए । दुई वा दुई भन्दा बढी विद्यालय एकीकृत गरी मेघा विद्यालय संचालन गर्दा प्रशासनिक खर्च कम हुने, गुणस्तरीय शिक्षा दिन सकिने, सामुदायिक विद्यालयप्रतिको बिश्वसनीयता बृद्धि गर्न सकिने, हेटौंडालाई शैक्षिक हवको रुपमा विकास गर्न सकिने जस्ता धेरै उपलब्धी हुने बताइएको छ । स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरेर मेघा विद्यालय संचालनका लागि अगाडि बढ्ने तयारी भएको बताइएको छ । भुटनदेबी माविसँग भएको जमिनलगायतका स्रोतलाई पूर्णरुपमा सदुपयोग गर्नका लागि मेघा विद्यालय संचालन गर्ने सहमति जुटाइएको हो । भुटनदेबी माविमा ईन्जिनियरिङतर्फ कक्षा ९-१२ मा करिव २ सय जना विद्यार्थी अध्ययन गरिरहेका छन् । बिग स्कूल संचालन गर्दा सबैपक्षलाई फाइदा पुग्नेछ । २०१६ सालमा स्थापना भएको भुटनदेबी मावि हेटौंडा नगरकै पहिलो विद्यालय हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०७६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस ५ गते शुक्रबार २० डिसेम्बर २०२४ । पञ्चमी, पौष कृष्णपक्ष । थिलागा ११४५ ने.सं. । सूर्योदय ६:५१, सूर्यास्त ५:११ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनमा निरासा उत्पन्न हुनेछ | **तुला** | : शुभ नतिजा आउनेछ |
| **वृष** | : समयले साथ दिनेछ | **वृश्चिक** | : दिन रमाइलो हुनेछ |
| **मिथुन** | : रमाइलोमा दिन बित्नेछ | **धनु** | : मन खिन्न हुनेछ |
| **कर्कट** | : जोश जागर आउनेछ | **मकर** | : शरीरमा स्फुर्ती बढ्नेछ |
| **सिंह** | : समयले साथ दिनेछ | **कुम्भ** | : घरायसी मेलमिलाप हुनेछ |
| **कन्या** | : राम्रो समाचार सुन्न पाइनेछ | **मीन** | : पढाइलेखाइमा सफलता मिल्नेछ |

# सुधारहीन सरकारी कार्यशैलीले कमजोर सुशासन



✍ सागर पण्डित

दुई ठूला दल कांग्रेस र एमाले सम्मिलित केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकार गठन भएको पनि पाँच महिना पुगिसकेको छ । यो पाँच महिनामा सरकारले जनताको मन जित्ने गरी काम गर्न सकेको छैन । विशेष गरी मुलुकमा वर्षौंदेखि व्याप्त भ्रष्टाचार, कमिसनतन्त्र, कालोबजारी, कुशासन रोकिने र महँगी नियन्त्रण हुने लक्षण खासै देखिन सकेको छैन ।

दिनको संकेत बिहानीले गर्छ भनेझैं यो पाँच महिनाको अवधिमा सरकारले सकारात्मक संकेत देखाउन सकेन । त्यसैले यी दुई प्रमुख दलबीचको सरकारले पनि जनतामा व्याप्त निराशा र आक्रोश कम गराउने गरी प्रभावकारी काम गर्न सकेको देखिँदैन । अहिले पनि जनताले विधि र कानुनी शासनको अनुभूत गर्न सक्ने अवस्था आउन सकेको छैन । आम जनताले आफ्नो गाउँठाउँको विकास भएको, महँगी नियन्त्रण भएको, कालोबजारी रोकिएको, सरकारी कार्यालयमा जाँदा फटाफट काम भएको अनुभूत गर्न सक्ने वातावरणको खोजी गरिरहेका छन् । तर त्यस्तो वातावरण बनाउन सरकारी संयन्त्रहरु सफल हुन सकेका छैनन् । यो विषयलाई प्रधानमन्त्री र मन्त्रीहरुले गम्भीरतापूर्वक लिन सकेको देखिँदैन ।

वर्षौंसम्म राजनीतिक अस्थिरताका कारण मुलुकको विकास र समृद्धि करिब-करिब ठप्प भइरहेको अवस्था छ । यस अवस्थामा राजनीतिलाई स्थिर बनाउने र मुलुकमा विकास एवं समृद्धिको दीर्घकालीन रेखा कोर्ने म्यान्डेटसहित वर्तमान सरकार स्थापना भएको दाबी गरिए पनि सरकारका पछिल्ला कामहरुले सो दाबीलाई खण्डन गरिरहेको देखिन्छ । सरकारको गत पाँच महिनाको समीक्षा गर्दा यो सरकार पनि यसअघिका सरकारजस्तै काम चलाउ सरकारमै रुपान्तरण भएको तीतो यथार्थ हामीसामु छ । यो मुलुकका लागि ठूलो विडम्बना हो । अधिकांश मन्त्रीहरु गुमनामजस्तै बनेका छन् । दुई प्रमुख दल कांग्रेस र एमालेका नेता, कार्यकर्ताहरु तथा ती दलहरुबाट सत्ता चलाउन गएकाहरु कठोर अनुशासनमा नबस्दासम्म मुलुकको विकास र समृद्धि वीरबलको खिचडीजस्तै बन्न सक्छ ।

राजनीतिक दलहरु आधुनिक राजनीतिको जीवनरेखा (लाइफ लाइन) को रुपमा रहेका छन् । मुलुकलाई बनाउने र बिगार्ने प्रमुख भूमिका राजनीतिक दलकै हो । उदार एवं प्रजातान्त्रिक समाजमा त राजनीतिक दलले जीवनका हरेक पक्षलाई प्रभावित पार्ने गर्छ । नेपालमा राजनीतिक दलको भूमिकालाई सूक्ष्मरुपमा अध्ययन गर्ने हो भने सरकारमा गएर सत्ता चलाउन र सुशासन कायम गराउन करिब-करिब उनीहरु असफल हुँदै आएका छन् । शासनसत्ता नै परिवर्तन गराउन निकै ठूलो भूमिका खेल्दै आएका यहाँका विशेष गरी तीन ठूला दल कांग्रेस, एमाले र माओवादी केन्द्र सत्ता सञ्चालनका दृष्टिले भने त्यति सफल देखिन सकेका छैनन् ।

हामीकहाँ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन स्थापना भएको पनि ९ वर्ष पुगिसकेको छ । यो शासन व्यवस्था विश्वमै सबैभन्दा उन्नत शासन व्यवस्थाको रुपमा परिचित भए पनि यो व्यवस्थाको प्रयोग गर्ने हाम्रा राजनीतिक दल र तिनको नेतृत्वले यो व्यवस्थालाई निकै विकृत बनाइरहेका छन् । बढ्दो कुशासन र भ्रष्टतन्त्रका कारण संघीय शासन व्यवस्थाको अभ्यास भइरहँदा यो शासन व्यवस्था सञ्चालनमा पनि ठूला-ठूला समस्या आइरहेका छन् । यस्ता समस्याको समाधान तत्काल नगर्ने हो भने संघीय शासन प्रणालीको सफलतामा नै गम्भीर आघात पर्न सक्छ । त्यसैले यो शासन व्यवस्था ल्याउन महत्वपूर्ण भूमिकामा रहेका कांग्रेस, एमाले र माओवादी केन्द्रले शासन व्यवस्थालाई सफल बनाउन अग्रगामी भूमिका निर्वाह गर्न सक्नुपर्छ । मुलुकको विकास, समृद्धि र राष्ट्रिय अखण्डताको जगेर्ना गर्ने विषयमा यी राजनीतिक दलबीच एकता र सौहार्दपूर्ण सम्बन्ध हुन जरुरी छ । नेपालको सीमारक्षाको लागि समेत कांग्रेस, कम्युनिस्टलगायत यहाँका सबै राजनीतिक दलबीच निरन्तर राष्ट्रिय एकता अत्यावश्यक छ ।

मुलुकमा देखिएको रोग, भोक, अशिक्षा, गरिबी, विपन्नता हटाउने विषयमा पनि हाम्रा राजनीतिक दलहरुबीचमा त्यस्तै प्रकारको एकता आवश्यक छ । दल सञ्चालन गर्ने अगुवाहरु असल र इमानदार बन्न सक्ने हो भने शासकीय व्यवस्था पनि सफल हुँदै जान्छ । हुन त हामीले विगतमा धेरै प्रकारका शासकीय व्यवस्थाको अभ्यास गरेका हौं । तर ती शासन सञ्चालन गर्नेहरु भ्रष्टाचारमा लिप्त हुन पुग्दा विकासको फल आम जनतासमक्ष पुग्न सकेन । जसका कारण जनतामा चरम निराशा छाउन पुग्यो र विद्रोह भयो । त्यही विद्रोहको जगमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना हुन पुगेको हो । त्यसैले पनि अहिले शासन सञ्चालन गरिरहेका राजनीतिक दल र तिनका नेताहरुले विगतमा जनता किन विद्रोहमा उत्रिए भन्ने कुराको विश्लेषण गरी आगामी दिनमा त्यस्तो अवस्था आउन नदिन सचेत र सतर्क रहनुपर्छ । विशेष गरी सत्तामा रहेका कांग्रेस र एमालेका नेता-कार्यकर्ताले जनताको मनोभावना बुझेर सोही अनुसार आफूलाई रुपान्तरण गर्न सक्नुपर्छ । अहिले सत्तामा रहेका केही नेताहरुमा मात्तिने र सत्ताभन्दा बाहिर रहेका नेताहरु आत्तिने क्रम देखिएको छ । यसको उचित व्यवस्थापन गर्ने प्रमुख दायित्व नेतृत्वको हो । नेतृत्वले सबैलाई समेटेर अगाडि बढ्न सक्नुपर्छ । मुलुक सञ्चालन गर्नेले कसैप्रति आग्रह र पूर्वाग्रह राख्नुहुँदैन । विपक्षीलाई समेत हातमा लिन सक्नु नेतृत्वको खूबीको कुरा हो ।

अहिले मुलुकमा प्रमुख राजनीतिक दलहरुप्रति घृणासमेत जगाउने काम गरिएको छ । यदि दलहरुले आफ्नो घोषणापत्रमा व्यक्त गरिएका प्रतिबद्धताअनुसार जनताको पक्षमा काम गर्ने हो भने कसैले पनि प्रमुख दलहरुप्रति वितृष्णा जगाउन सक्ने अवस्था रहँदैन । तर सत्ता सञ्चालन गर्ने दल र तिनका नेताहरु नै भ्रष्टाचारमा चुर्लम्म डुब्ने अवस्था आयो भने जनतामा स्वत: उनीहरुप्रति घृणाको भावना पैदा हुनेछ । राजनीतिक दलहरु प्रतिपस्पर्धाका आधारमा नै बढी खारिने गर्छन् । बहुदलीय शासन व्यवस्थामा दलहरुको सक्रियता अत्यधिक हुने गर्छ । तर एकदलीय शासन व्यवस्थामा दलहरु संकुचित हुन्छन् । कुनै एक दलको मात्रै बोलबाला चल्छ । शासन व्यवस्था बहुदलीय भन्ने तर जनताले कहिल्यै पनि विकास, प्रगति र सुशासनको प्रत्याभूति गर्न नसक्ने हो भने त्यस्तो बहुदलीय शासन व्यवस्थाको कुनै अर्थ रहँदैन । नेपालले पञ्चायती शासनको अवसानसँगसँगै विगत ३४ वर्षदेखि कुनै न कुनै रुपमा बहुदलीय शासन व्यवस्थाकै अभ्यास गर्दै आइरहेको छ तर यस अवधिमा मुलुकको विकास र प्रगति कछुवा गतिमा नै रहन पुगेको यथार्थ हामीसामु छ । मुलुक सञ्चालन गर्ने जिम्मेवारीमा रहेका राजनीतिक दल र तिनका नेताहरुमा देखिएको विचलन र भ्रष्ट संस्कृतिका कारण मुलुकले आशातीत विकास गर्न सकेको छैन र जनतामा निराशाको पारो बढिरहेको छ ।

वास्तवमा राजनीतिक दलहरु संस्थागत सिद्धान्त, ऐतिहासिक संकटको सिद्धान्त तथा विकासवादी सिद्धान्तका आधारमा स्थापना भएका हुन्छन् । त्यसैले नेताहरुमा जतिसुकै विचलन आए पनि दलहरु नै राजनीति सञ्चालनको प्रमुख मियो हुन् । प्रजातान्त्रिक प्रणालीमा राजनीतिक दलहरुलाई चेतनाको शक्ति गृहको रुपमा समेत हेरिने भएकाले हामीले पनि दलका नेताहरुका कारण राजनीतिक प्रणालीलाई असफल हुन दिनुहुँदैन । नेताहरुलाई सधैं खबरदारी गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संस्थागत विकास र दलीय संरचनाको संरक्षणमा लाग्नु सबैको कर्तव्य हो ।

मुलुकलाई समृद्ध बनाउने अभियानमा लागेको भनिएको ओली सरकारले गत पाँच महिनाको अवधिमा सरकारका सबै संयन्त्रहरुलाई चलायमान बनाउन सक्नुपर्थ्यो तर त्यस्तो हुन सकेको छैन । प्रधानमन्त्रीले दिएको भिजन र योजना लागू गराउन उनकै टिम र मन्त्रीहरुले खासै वास्ता गरेको देखिँदैन । उनीहरुमाथि अनुगमन गर्न प्रधानमन्त्रीले छुट्टै एउटा संयन्त्र बनाउनुपर्थ्यो, त्यस्तो पनि हुन सकेको छैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्रजस्ता अनियमितता हुन नदिने निकायले पनि मन्त्री र उच्च पदस्थहरुको भ्रष्ट शैलीलाई नियन्त्रण गर्ने कार्यमा खासै सफलता हासिल गर्न सकेको देखिँदैन । अहिले मन्त्रीको रुपमा रहेका प्रधानमन्त्रीका सारथीहरुमा केही अपवादबाहेक धेरैमा इमानदारिता, नैतिकता र देशप्रति केही गरौं भन्ने भावनाको अभाव रहेको पाइयो । त्यसैले पनि अधिकांश मन्त्रालयको काम प्रभावकारी हुन नसकेको हो । मन्त्रीहरु इमानदार र कामप्रति प्रतिबद्ध भइदिने हो भने त्यहाँको कर्मचारीतन्त्रले पनि सजिलैसँग काम गर्छ । तर अहिले मन्त्रीहरुले नै इमानदारितापूर्वक काम गर्न नसकेकाले कर्मचारीतन्त्रले पनि मन्त्रीलाई अटेर गरेको हो । भ्रष्टचारमा शून्य सहनशीलतालाई व्यवहारमा नै उतार्ने र परिणाम खोज्ने मन्त्रीहरुसँग ब्युरोक्रेसी सधैं डराउँछ र काम फटाफट गर्छ तर बिचौलिया मार्फत काम गराउने र कमिसनको लोभ गर्ने मन्त्री भए भने कर्मचारीहरुले पनि त्यस्तै प्रवृत्ति अपनाउन थाल्छन्, जसका कारण मन्त्रालय र मातहतका कार्य अप्रभावकारी भएर जाने गर्छन्, अहिले यही समस्या परेको हो ।

सरकारको कार्यक्रममार्फत जनतासँग सम्बन्ध जोड्ने सवालमा ब्युरोक्रेसीको चरित्रले ठूलो समस्या पारिरहेको छ । हाम्रो ब्युरोक्रेसीमा प्राय: कोठाभित्र रमाउने, आफ्नो स्वार्थलाई मात्रै केन्द्रविन्दुमा राख्ने र आफ्नै पद्धतिमा रमाउने प्रवृत्ति व्यापक छ । सेवा प्रवाह गर्ने निकायका कर्मचारीहरु बिचौलियाको घेराबन्दीमा छन्, अब राज्यका प्रमुख तहमा रहने प्रशासनिक नेतृत्वको छनौट गर्दा उसको पनि तीन पुस्ते विवरण हेर्नुपर्छ । व्यक्तिगत स्वार्थमा लागेका र राष्ट्रिय स्वार्थ हेर्न नसक्ने प्रशासकहरुमाथि निर्मम अपरेसन गरिनुपर्छ । जसले रातदिन काम गरेर परिणाम ल्याउन सक्दैन उसलाई जगेडामा राखिदिनुपर्छ । विभागीय कारबाही गर्ने परिपाटीलाई सशक्त रुपले अघि बढाउनुपर्छ । सरकार आफैंले पनि छानबिन संयन्त्र बनाएर भ्रष्टाचार गर्ने र काम नै नगरी ठगी गर्नेलाई कारबाही गर्नुपर्छ ।

अहिले पनि सेवा प्रवाह बढी हुने मालपोत, यातायात, नापी, प्रशासन, राजस्व, वैदेशिक रोजगार, सडक, सिंचाइ, विभिन्न योजनाहरु, स्थानीय तह, प्रशासन कार्यालयलगायतका क्षेत्रमा भ्रष्टाचार व्याप्त छ । मुलुकको राजस्व उठाउने मुख्य निकायमा नै भ्रष्टाचार व्याप्त छ । मिलेमतोमा नै सामानहरुको न्यून मूल्याङ्कन गरेर राष्ट्रलाई अर्बौं रुपियाँ ठगी गर्ने काम भइरहेको छ । राजस्व छली गर्नेहरु नै समाजमा प्रतिष्ठित भइरहेका छन् । भन्सारमा पनि त्यत्तिकै मात्रामा ठगी मौलाउँदो छ । कर्मचारीको मिलेमतोमा राजस्व उठाउने क्षेत्रमा, विकास निर्माण र सडक-पुल बनाउने निकायमा, प्रहरी, न्यायालय, अर्थ, गृहजस्ता निकायमा नीतिगत भ्रष्टाचार अत्यधिक छ । राज्यबाट अर्बौं रुपियाँको ठेक्का पाएका निर्माण व्यवसायीले प्रभावकारी काम गर्न सकेका छैनन् । उनीहरु कसैसँग डराउँदैनन् । दलहरु र ठूला प्रशासकहरुलाई चन्दा दिएर र आर्थिक सहयोग गरेर आफ्नो बनाएका छन् । ठूला कर्मचारी र राजनीतिक नेतृत्वसँग उनीहरुको नेक्सस छ । यस्ता अपवित्र नेक्ससहरु अब ध्वस्त पारिनुपर्छ ।

प्रधानमन्त्री ओलीले आफ्नो सचिवालयका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रहने संयन्त्रलाई पनि चुस्त र कामयावी बनाउन सक्नुपर्छ । हामीकहाँ सबैभन्दा ठूलो समस्या भनेको नीति, योजना र कार्यक्रमको सशक्त कार्यान्वयनमा नै हो । यसका लागि 'वाच' र 'इन्फोर्स' गर्ने निकाय बनाउनुपर्छ । त्यसैले सबै मन्त्रालयको प्रतिनिधित्व हुने गरी प्रधानमन्त्री कार्यालयमा नै नीति, योजना र कार्यक्रमसम्बन्धी कार्यान्वयन संयन्त्र बनाउनुपर्छ । सो संयन्त्रमार्फत योजनाहरु ठाउँका ठाउँ कार्यान्वयन गर्ने र नगर्नेहरुलाई कारबाही गर्ने पारिपाटीको विकास गर्नुपर्छ । यसै गरी वित्तीय अनुशासन कायम गर्न र जवाफदेहिता कायम गर्न पनि छुट्टै खाले संयन्त्र बनाउनुपर्छ । छिटोभन्दा छिटो भ्रष्टाचारविरुद्ध संकल्प प्रस्ताव पारित गराइनुपर्छ । अन्तरसरकारी समन्वय संयन्त्रलाई प्रभावकारी बनाउनुपर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# लोपोन्मुख लेप्चालाई संरक्षित क्षेत्र

✍ जसबहादुर लुगेली मगर

अल्पसंख्यक भन्नाले देशको संविधान वा कानुनले संरक्षण र अधिकार प्रदान गरेको समूह हो जुन अन्य समूहहरूको तुलनामा धर्म, जात, भाषा वा संस्कृतिका आधारमा थोरै संख्यामा छ । इतिहासको लामो कालखण्ड पार गरेर मानवले अभ्यास गरी स्थापित गरेको धर्म, जात, भाषा वा संस्कृति यस्तो अमूल्य निधि होह जसले सम्बन्धित जाति, समूहको साथै सिंगो देशको पहिचान झल्काउँछ । मानव तथा समाज विकासको गतिमा कुनै मानव समुदायहरूको संख्या विविध कारणले गर्दा घट्दै गई संख्या अल्प हुने वा लोप हुने जोखिम हुँदोरहेछ । देशको पहिचान दीर्घकालसम्म कायम राख्न त्यस्तो धर्म, जात, भाषा वा संस्कृतिको अभ्यास गर्ने अल्पसंख्यामा पुगेका वा लोप हुने जोखिममा परेका मानव समुदायहरूको संरक्षण गरी, अरु समुदाय सरह मूलप्रवाहीकरण गर्न देशको संविधान वा कानुनले संरक्षण गर्दै खास-खास अधिकार प्रदान गरेको पाइन्छ ।

नेपालको संविधान, धारा ३०६ (१) (क) ले अल्पसंख्यकको परिभाषा यस प्रकारले गरेको छ: 'अल्पसंख्यक' भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनुपर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाइराख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ । संविधानको यस परिभाषाले जात, भाषा र धर्मलाई आधार मानेको देखिन्छ । साथै धारा १८ को उपधारा ४२ मा यौनिक अल्पसंख्यकको हकको सुनिश्चितता गर्न सकिने प्रावधान छ । दक्षिणएशियाका राष्ट्रहरूमा नेपाल यौनिक अल्पसंख्यकको हकको सुनिश्चितता गर्ने पहिलो राष्ट्र हो ।

नेपाल सरकारले कुल जनसंख्याको ०.५० प्रतिशतभन्दा कम जनसंख्या भएको समुदायलाई अल्पसंख्यकको सूचीमा राखेको छ । जसअनुसार नेपालका १२५ जाति मध्ये ९८ जाति अल्पसंख्यक सूचीमा परेका छन् । सरकारले सार्वजनिक गरेको अल्पसंख्यक जातिको सूचीमा शेर्पा, सोनार, घर्ती (भुजेल), कलवार, कुमाल, हजाम (ठाकुर), कानू, राजवंशी, सुनुवार, सुढी, लोहार, तत्मा (तत्वा), खत्वे, धोबी, माझी, नुनिया, कम्हार, दनुवार, चेपाङ (प्रजा), हलुवाई, राजपुत, कायस्थ, बढई, मारवाडी, सतार (सन्थाल) छन् ।

त्यसैगरी, झाँगड (धागर), बाँतर (सरदार), बरई, कहर, गनगाई, लोध, राजभर, थामी, धिमाल, भोटे, बिन, गडेरी (भेडियार), नुराङ, याक्खा, दराई, ताजपुरिया, थकाली, चिडिमार, पहरी, माली, बंगाली, छन्त्याल, डोम, कमर, बोटे, ब्रह्मु (बरामो), गाइने, जिरेल, दुरा, बादी, मेचे, लेप्चा, हलखोर लगायत अल्पसंख्यक जातिको सूचीमा परेका छन् । ९८ मध्ये करिब १५ जाति भने दलित अन्तर्गत नै पर्ने भएकाले उनीहरूले अल्पसंख्यक अन्तर्गत नभई दलित अन्तर्गत नै आरक्षणको सुविधा पाउँछन् । यस कानूनी व्यवस्थाले बहुसंख्यक र अल्पसंख्यकको सिमाङ्कन संख्याको भरमा गरेको पाइन्छ । भाषिक, धार्मिक, सांस्कृतिक चरित्रका आधारमा समेत बहुसंख्यक तथा अल्पसंख्यकको विश्लेषण गर्ने हो भने मात्र त्यो तथ्यपरक र वैज्ञानिक हुन सक्छ ।

### अन्तर्राष्ट्रिय कानूनमा अल्पसंख्यक

संयुक्त राष्ट्रसंघको महासभाद्वारा १८ डिसेम्बर १९९२ मा पारित घोषणापत्रमा सामाजिक, जातीय, धार्मिक र भाषिक अल्पसंख्यक समुदायहरूको अधिकार सम्बन्धी घोषणा नै अन्तर्राष्ट्रिय कानूनको आधिकारिक दस्तावेज हो । अल्पसंख्यक समुदायहरूको हकअधिकारहरूको संरक्षण, सम्वर्धन गर्दै उनीहरूलाई अधिकार सम्पन्न बनाई मूल प्रवाहमा ल्याउने जिम्मेवारी संयुक्त राष्ट्रसंघ अन्तर्गतका राष्ट्रहरूको हो भनिएको छ । संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्रहरूले आ-आफ्नो देशको कानूनमा खास-खास प्रबन्ध गरी घोषणापत्रमा तोकिएको जिम्मेवारी पूरा गर्नुपर्छ भनिएको छ, यस घोषणापत्रमा ।

### नेपालको कानूनमा अल्पसंख्यक समुदायहरूको हकअधिकार बारे भएको व्यवस्था:

२०७२ सालमा जारी भएको नेपालको संविधानमा धारा १८ को समानताको हक अन्तर्गतको प्रतिबन्धात्मक वाक्यांशमा भएको व्यवस्था अनुसार राज्यले अल्पसंख्यक लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सक्ने प्रबन्ध गरेको छ । धारा २६ मा व्यवस्थित धार्मिक स्वतन्त्रताको हक अल्पसंख्यक समेतले निर्वाध रूपले भोग गर्न सक्ने बताएको छ । धारा ३२ व्यवस्थित गरिएको भाषा तथा संस्कृतिको हक बमोजिम अल्पसंख्यक समेतले आफ्नो भाषा प्रयोग गर्ने, आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्वर्धन र संरक्षण गर्ने हक हुने ग्यारेन्टी गरिएको छ ।

धारा ४२ मा सामाजिक न्यायको हक अनुसार अल्पसंख्यक समेतलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ । साथै आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भन्ने व्यवस्था छ । धारा ५१ को राज्यका नीतिहरू अन्तर्गत उपधारा (ञ) (९) मा अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने राज्यको नीति हुने भनिएको छ ।

धारा ५६ को राज्यको संरचनाको उपधारा (५) मा संघीय कानून बमोजिम सामाजिक, सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ भन्ने प्रावधान छ । धारा २१५ र २१६ मा भएको व्यवस्था बमोजिम गाउँ सभाले दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गरेका दुई जना गाउँ कार्यपालिकाका सदस्य हुनेछन् भने नगर सभाले दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गरेका तीन जना नगर कार्यपालिकाका सदस्य हुनेछन् । यसरी दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित सदस्यहरू सम्बन्धित गाउँनगर सभाका सदस्य स्वत: हुन्छन् ।

धारा २२० बमोजिम जिल्ला सभाले निर्वाचित गर्नुपर्ने नौ सदस्यीय जिल्ला समन्वय समितिमा एक जना सदस्य दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित हुने व्यवस्था छ । धारा २५९ मा गरिएको व्यवस्था अनुसार राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय समेतको हकअधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने, ती समुदायको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानूनको कार्यान्वयन अवस्थाको अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने उल्लेख छ ।

यी समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए-नभएको अध्ययन गरी त्यस्तो समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने, उल्लिखित समुदाय, वर्ग र क्षेत्रको संरक्षण, सशक्तीकरण र विकास सन्तोषजनक भए-नभएको अध्ययन गरी भविष्यमा नीति लिन भनेको छ ।

त्यस अनुसार नेपाल सरकारसमक्ष सिफारिस गर्ने, अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय सम्बन्धी कानूनमा समयानुकूल परिमार्जनका लागि सिफारिस गर्ने, अल्पसंख्यक तथा सीमान्तीकृत समुदायका लागि प्रत्याभूत हक-अधिकारको कार्यान्वयन स्थिति अनुगमन गरी आवधिक रूपमा हुने राष्ट्रिय जनगणना तथा मानव विकास सूचकांक सम्बन्धी प्रतिवेदनको आधारमा आवश्यक पुनरावलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने उल्लेख छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ५ मा स्थानीय सरकारले योजना तर्जुमा गर्दा अल्पसंख्यकलाई सहभागी बनाउनुपर्ने भन्ने व्यवस्था गरेको पाइन्छ ।

*(साभार: अनलाइनखबर)*

नेपाल प्रिमियर लिग

# उपाधिबाट सुदूरपश्चिम एक कदम टाढा




काठमाडौं/नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको उपाधिका लागि प्रतिस्पर्धा गर्ने एक टोलीको टुंगो लागेको छ । प्रतियोगितामा हालसम्म एक खेलमा मात्र पराजित टोली सुदुर पश्चिम रोएल्सले फाइनलको यात्रा तय गरेको छ । बुधबारको पहिलो क्वालिफायर खेलमा जनकपुर बोल्ट्सलाई हराउँदै फाइनलमा पुगेको सुदुरपश्चिम अब एनपीएलको उपाधिबाट अब मात्र एक कदम टाढा छ । पहिलो क्वालिफायर जितेसँगै सुदूरले अब फाइनलअघि २ दिनको ग्याप पनि पाएको छ ।

बुधबार दिउँसो भएको खेलमा जनकपुरलाई ८ विकेटले पराजित गर्दै सुदूरले फाइनलमा स्थान पक्का गर्‍यो । जनकपुरले दिएको १४० रनको लक्ष्य सुदूरले ९ बल अगावै २ विकेटको क्षतिमा पूरा गर्‍यो । सुदुरका लागि ओपनर विनोद भण्डारीले अविजित रहँदै सर्वाधिक ५८ रन बनाउँदा अर्को ओपनर सेफ अली जैबले ३२ रन तथा कप्तान दिपेन्द्र सिंह ऐरीले नटआउट २० रन बनाए ।

त्यसअघि टस हारेर पहिले बलिङ गरेको सुदूरले जनकपुरलाई १३९-९ मा रोकेको थियो । जनकपुरका लागि जिमी नीशमले सर्वाधिक ४५ रन बनाए भने शुभ कंसाकारले २६ रन बनाएका थिए । जनकपुरलाई 'पार स्कोर' भन्दा कममै रोक्न सुदुरका कप्तान दिपेन्द्रले ३ विकट तथा सेफ जैबले २ विकेट लिएका थिए ।

**विनोदबाट आएको महत्वपूर्ण पारी**

नेपालको ए टिमका कप्तान रहेका तथा राष्ट्रिय टिमबाट पनि खेलिसकेका विकेटकिपर विनोद भण्डारीले बुधबारको जितमा म्याच विनिङ पारी खेले । उनले सुरूवातदेखि नै बाउन्ड्रीदेखि सिङ्गल डबल खेल्दै सुदूरको रनगति सन्तुलित राखेका थिए । विनोदले हालसम्म एक-दुई खेलबाहेक ओपनिङमा राम्रो प्रदर्शन गरिरहेका छन् । उनले ८ खेलमा २३, ३५, १७, १०, ३३, १४, ४ र ५८८ को स्कोरसहित कुल १९४ रन बनाएका छन् । उनले ओपनर सेफ अली जैबसँग मिलेर राम्रो ओपनिङ साझेदारी दिलाइरहेका छन् ।

केही खेलमा राम्रो सुरूवात पाएर पनि ठुलो रुप दिन नसकेका विनोदले आज भने आफ्नो इनिङलाई ठुलो इनिङमा कन्भर्ट गरे। उनकै अर्धशतकको मद्दतले सुदूरले जनकपुरलाई हराएर सिधै फाइनलमा स्थान सुरक्षित गरेको छ ।

नेपाली ओपनर ब्याटरहरू संघर्ष गरिरहँदा विनोदको ब्याटबाट भने रन बनिरहेको छ । विशेषगरी अब टी२० विश्वकप छनोट पनि नजिकिँदै छ राष्ट्रिय टिममा उनको पुनरागमन हुन पनि सक्छ । यस बारेमा उनीसँग कुर गर्दा भने उनी हाललाई अरू बाहिरी कुरा केही नसोचेको बताए । 'मलाई चाहिँ अब भित्र गेम खेल्न जाँदा अरू केही सोचेको हुन्न, जति खेल्छु त्यसमै रमाइरहेको छु' उनले भने ।

दिपेन्द्रको कप्तानीसँगै प्रदर्शन पनि राम्रो भएको विनोदले प्रतिक्रिया दिए । 'दिपेन्द्र अहिलेको अवस्थामा नेपालको उत्कृष्ट खेलाडी हो । उसको ब्याटिङ, बलिङ र फिल्डिङ तीनवटै पक्ष राम्रो छ' उनले भने, 'कप्तानी त उसले पहिलेदेखि नै गरेको हो पुलिस क्लबतिर पनि, अहिले एनपीएल पनि भयो उसलाई अनुभव नि भइसकेको छ । उसले कप्तानी निरन्तरता नै दिन्छ जस्तो लाग्छ।'

प्रतियोगिता सुरूवात हुनुअघि टिम केही कमजोर भएजस्तो लागेपनि विदेशी खेलाडीको आगमनले टिम सन्तुलित देखिएको विनोदको भनाइ थियो । टिमको आवश्यकताअनुसार नै विदेशी खेलाडी फिट भएको बताउँदै उनले एनपीएल जित्न टिम सक्षम रहेको बताए । उता कर्णालीसँगको अन्तिम लिग खेलपछि दिपेन्द्रले पनि सुदुर पश्चिमको टिम राम्रो भएको बताउँदै सुरूवातदेखि नै उपाधि जित्ने लक्ष्य भएको बताएका थिए ।

**जनकपुरलाई अर्को मौका**

लिग चरणका सुरूवाती चार खेलमा लगातार जित निकालेको जनकपुरले त्यसपछि सुदुरसँगै ७२ रनको फराकिलो हार ब्यहोरेको थियो । उक्त हारपछि जनकपुरको फर्ममा धक्का लागेको देखिएको छ । जनकपुर शीर्ष दुईमा परेर प्लेअफ खेलेको भएपनि सुरूवातको कस्तो प्रदर्शन हुन सकिरहेको छैन । जनकपुरका टप अर्डर निरन्तर रूपमा संघर्ष गरिरहेका छन् । बुधबारको पहिलो क्वालिफायर खेलमा पनि जनकपुरको ओपनिङ राम्रो हुन सकेन । लाहिरु मिलान्था र कप्तान आसिफ शेख सस्तैमा आउट भएका थिए । शुभ कंसाकारले केहीबेर राम्रो इनिङ खेलेको भएपनि उनी आफ्नै गल्तीले रनआउट हुन पुगे । त्यसपछि जिमी नीशमले ठुला शटहरू खेल्दै टिमको स्कोर १३९ सम्म पुर्‍याउन भूमिका खेले । तर उक्त स्कोर जितका लागि भने पर्याप्त हुन सकेन । जनकपुर ब्याटिङ अर्डर मिलाउनमा चुकेको थियो ।

चोटका कारण कप्तान तथा ओपनर अनिल शाह टिमबाहिर रहेपछि नेपाली यू-१९ टिमका ओपनर आकाश त्रिपाठीले खेलमा मौका पाएका थिए तर उनलाई ओपनिङ गराइएको थिएन । त्यसैगरी अरनिको यादवलाई ३ विकेट डाउनमा ब्याटिङ गर्न पठाउनु पनि कहिँ न कहिँ गलत साबित भयो ।

खेलपछि कप्तान आसिफ शेखले पनि ब्याटिङमा मिडल अर्डरमा केही स्लो भएको बताएका थिए । 'मिडल अर्डरमा एकजना कोहीले स्टेप अप गर्नुपर्थ्यो त्यो हुन सकेन । अरनिकोलाई माथि पठाउनुको कारण चाहिँ हामीले लेफ्ट/राइट कम्बिनेशन खोजेको भएर हो' उनले भनेका थिए ।

जनकपुरले आकाश त्रिपाठी र आसिफलाई ओपन गराएर मिलान्थालाई १ डाउन, थाकरलाई २ डाउन र त्यसपछि शुभ, नीशम, मोहसिन र अरनिकोलाई अवस्था अनुसार ब्याटिङ गराउन सक्छ ।

जनकपुरलाई पराजित भएपनि फाइनल पुग्ने अर्को मौका छ । बिहीबार हुने दोस्रो क्वालिफायर खेलमा कर्णाली याक्ससँग जनकपुरले खेल्ने छ । उक्त खेलको विजेताले शनिबार सुदूरपश्चिमसँग फाइनल खेल्ने छ । कप्तान आसिफ शेखले फाइनलमा फेरि सुदूर पश्चिमलाई भेटेर पराजित गर्नेमा आशावादी रहेको बताए ।

**कर्णालीको लय, चितवन नकआउट**

बुधबार नै भएको इलिमिनेटर खेलमा कर्णाली याक्सले चितवन राइनोजलाई हराउँदै प्लेअफको दोस्रो क्वालिफायरमा स्थान बनाएको छ भने चितवन बाहिरिएको छ ।

कर्णालीले चितवनलाई २१ रनले पराजित गरेको हो । कर्णालीले दिएको १७६ रनको लक्ष्य पछ्याएको चितवनले १५४ रन मात्र बनाउन सकेको थियो । चितवनका लागि रवि बोपाराले अर्धशतकीय पारी खेलेपनि जितका लागि पर्याप्त भएन । अन्यबाट उल्लेख्य योगदान हुन सकेन । जिशान मकसुदले ३ विकेट लिए भने सोमपाल कामी र नन्दन यादवले २-२ विकेट लिए । विपिन प्रसाद शर्माले १ विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको कर्णाली याक्सले जयकिसन कोल्सावाला र विलियम बोसिस्टोको अर्धशतकमा ६ विकेट गुमाएर १७५ रन बनाएको थियो । एनपीएलमा पहिलो खेल खेलेका कोल्सावालाले सर्वाधिक ५३ रन बनाए भने बोसिस्टोले ५२ रन बनाए । चाडविक वाल्टनले अविजित ४६ रन जोडे ।

विहानी समयमा १७६ रनको लक्ष्य पछ्याएको चितवनका लागि आज ब्याटिङमा बोपारालाई अन्यले भरपर्दो साथ दिएनन् । सुरूवातदेखि नै विकेट गुमाइरहेको अवस्थामा बोपाराले आश देखाएपनि अन्यबाट उल्लेख्य योगदान नहुँदा चितवनले हार व्यहोर्दै बाहिरियो ।

यता कोल्सावालाको आगमनले कर्णालीको ब्याटिङ मजबुत बनाएको छ । विशेषगरी उनले आजको खेलमा आउने बित्तिकै अर्धशतक प्रहार गरे । उनलाई नेपालमा यसअघि पनि खेलेको अनुभव छ । उनले राम्रो सुरूवात दिलाउँदा मिडल अर्डरमा ब्याटरलाई दबाब कम हुन्छ ।

प्रतियोगिताका अन्य खेलमा कर्णालीको ब्याटिङ कमजोर देखिएपनि आजको खेलमा भने ब्याटिङ बलियो देखिएको थियो । यसले कर्णाली अब लयमा फर्किएको बुझ्न सकिन्छ । खेलपछि कर्णालीका कप्तान सोमपाल कामीले पनि अब प्लेअफका खेल आफूहरूका लागि नयाँ प्रतियोगिताजस्तो सोचेर खेलेको बताएका थिए । 'हाम्रो लागि पछिल्लो २ हप्ता जस्तो खेलेको भएपनि अब चाहिँ एउटा नयाँ प्रतियोगिता जस्तो छ, त्यस्तै सोचेर खेलेका छौं' उनले भने ।

कोल्सावालालाई प्लेअफका बेला अनुबन्ध गरेको बारेमा कुरा गर्दै उनले भने, 'उहाँसँग हामी सम्पर्कमै थियौं र उहाँलाई बोलायौं, त्यसपछि लाई जुन भूमिकामा ल्याइएको थियो त्यसैअनुसार प्रदर्शन पनि भयो।'

फाइनलको सम्भावना बारे प्रश्नमा सोमपालले सुरूवात देखि नै आफूहरूले फाइनल खेल्ने सम्भावना भएको बताउँदै रमाइलो माहोल बनाएका थिए । 'फाइनलको सम्भावना सुरूदेखि नै देखिरहेको थिएँ' उनले भने, 'यहाँसम्म आइपुग्दा एकदमै खुसी लागेको छ, बलरहरूले राम्रो प्रदर्शन गर्दै यहाँसम्म ल्याएका छन्, अब दुई खेल बाँकी छ त्यसमा राम्रो गर्छौं।'

यसैगरी पराजित टोली चितवनका प्रशिक्षक उमेश पटवालले लक्ष्य ठीकै भएपनि ब्याटिङ राम्रो नभएको बताएका थिए । उनले एनपीएलका कारण नेपाली क्रिकेटलाई नै धेरै सहयोग पुगेको बताउँदै भविष्यमा नेपालले टेस्ट मान्यता समेत पाउनेमा विश्वास व्यक्त गरेका थिए । उनले एनपीएलको उपाधि जनकपुर बोल्ट्सले जित्न सक्ने अनुमान गरे ।

अब एनपीएलमा दोस्रो क्वालिफायर खेल बिहीबार दिउँसो कर्णाली र जनकपुरबीच हुनेछ । लिग चरणमा जनकपुरले जित हात पारेको थियो । अब कर्णालीको लयसामू जनकपुरको धर्मराउँदो फर्मलाई ब्यालेन्समा ल्याउनुपर्ने हुन्छ ।

*(स्रोतः अनलाइनखबर)*

# ओस्कार यात्राबाट बाहिरिए नेपालको 'शाम्बाला' र भारतको 'लापता लेडिज'




काठमाडौं/विश्वकै प्रतिष्ठित अवार्ड मानिने ओस्कारमा यसपटक पनि नेपाली फिल्म छनोट हुन असफल भएको छ । ९७औं ओस्कार अवार्डका लागि मीनबहादुर भाम निर्देशित फिल्म 'शाम्बाला' नेपालबाट अन्तर्राष्ट्रिय फिचर विधामा सिफारिस भएको थियो । बुधबार ओस्कार आयोजक संस्था एकेडेमी अफ पिक्चर आर्ट्स एन्ड साइन्सेसले सार्वजनिक गरेको १५ फिल्मको सर्टलिस्टमा 'शाम्बाला' पर्न सकेन ।

यो फिल्मले अष्ट्रेलियाको एसिया प्यासिफिक अवार्डमा युनेस्को कल्चरल डाइभर्सिटी अवार्ड, भारतको मुम्बई फिल्म फेस्टिभलमा स्पेसल मेन्सन अवार्ड, टर्कीको बोसफोरस फिल्म फेस्टिभलमा उत्कृष्ट फिल्म, निर्देशक र अभिनेत्रीको अवार्ड जितिसकेको छ । यसैले 'शाम्बाला' ओस्कारको सर्टलिस्टमा पर्न सक्ने अपेक्षा गरिएको थियो । तर, यसपटकको ओस्कार पनि नेपालका लागि विर्सनलायक बनेको छ । 'क्याराभान'बाहेक अहिलेसम्म कुनै नेपाली फिल्म ओस्कारको सर्टलिस्टमा पर्न सकेका छैनन् ।

त्यसो त यसपटक ओस्कार एसियाकै लागि निराशाजनक बन्न पुगेको छ । १५ फिल्मको सर्टलिस्टमा एसियाबाट थाइल्यान्डको 'हाउ टु मेक मिलियन्स बिफोर ग्रान्डमा डाइज' मात्र अटाएको छ । भारतबाट सिफारिस भएको 'लापता लेडिज' पनि ओस्कारमा छनोट हुन सकेन । सन् २०२३ मा भारतीय फिल्म 'आरआरआर'को 'नाटु नाटु' गीतले ओस्कार जितेको थियो ।

ओस्कारमा छनोट १५ वटा फिल्ममा थाइल्यान्डको फिल्मसहित ब्राजिलको 'आइएम स्टिल हेयर', क्यानडाको 'युनिभर्सल ल्यांग्वेज', चेक रिपब्लिकको 'वेभ्स', डेनमार्कको 'द गर्ल विथ द निडल', फ्रान्सको 'इमिलिया पेरेज', जर्मनीको 'द सिड अफ द सेक्रेड फिग', आइसल्यान्डको 'टच', आयरल्याण्डको 'निक्याप', इटालीको 'वर्मिग्लियो', लात्भियाको 'फ्लो', नर्वेबाट 'आर्मन्ड', प्यालेस्टाइनको 'फ्रम ग्राउन्ड जिरो', सेनेगलको 'दाहोमे' र बेलायतको 'सन्तोष' छन् । अब यसबाट पनि अन्तिम ५ फिल्मको मनोनयन घोषणा हुनेछ ।

# धीरेन र भोलाराजलाई लिएर 'चिठ्ठा' बन्ने



काठमाडौं/आरएल लामा मोक्तानको लेखन तथा निर्देशनमा फिल्म 'चिठ्ठा' बन्ने भएको छ । यही पुष दोस्रो साताबाट छायांकनको तयारी गरिएको फिल्ममा अभिनेता धीरेन शाक्य मुख्य भूमिकामा देखिने भएका छन् । उनीसहित भोलाराज सापकोटा, अर्जुन गुरुङ (भँगेरी डन), निमा लामा र रसिला कार्कीको पनि फिल्ममा अभिनय रहनेछ ।

फिल्मका लागि अझै एक अभिनेता र एक अभिनेत्री छनोट हुन बाँकी रहेको निर्देशक मोक्तानले बताए । लंका फिल्मको ब्यानरमा निर्माण हुने लागेको फिल्म कमेडी कथावस्तुमा बन्ने जनाइएको छ । रेल्लु माया तामाङ प्रस्तुतकर्ताको रुपमा रहेको फिल्ममा आर सुनाम मोक्तानको लगानी रहनेछ ।

मियम मोक्तान सह-निर्माता रहेको फिल्मलाई रंग पत्रकार सञ्चु थोकर लामाले छायांकन गर्नेछन् । एक दर्जन बढी म्यूजिक भिडियो खिचिसकेका उनले यसअघि निर्देशक मोक्तानकै फिल्म 'ब्ल्याक छायाँ'को पनि छायांकन गरेका थिए । 'चिठ्ठा'मा शंकर महर्जनको द्वन्द्व निर्देशन, निर्देशक आरएल लामा मोक्तानको शब्द तथा संगीत, युवराज कँडेल र अनु चौधरीको गायन रहनेछ ।

# सलोनको 'रंगी' फागुन २ गतेलाई निश्चित

काठमाडौं/आगामी फागुन महिनामा फिल्म रिलिजको चाप देखिने भएको छ । आधा दर्जनभन्दा बढी फिल्म यही महिना रिलिजको तयारीमा छन् ।

यसैबीच, भ्यालेनटाइन डेको अवसर पारेर फागुन २ गते फिल्म 'रंगी' प्रदर्शनमा आउने भएको छ । बुधबार फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति घोषणा गरिएको हो । यो मितिमा अर्को फिल्म 'दुःखी आत्मा' पनि प्रदर्शनको तयारीमा छ ।

सार्वजनिक पोस्टरमा अभिनेता सलोन बस्नेत र बाल कलाकार आयुषी ढकाल मात्र चित्रित छन् । उनीहरुलाई गम्भीर भावमा देख्न सकिन्छ । दुवैको आँखाबाट आँशु बगेको छ । पोस्टरको पृष्ठभूमिमा भने ग्रामीण भेगको बजार देखिन्छ । फिल्ममा सलोन र आयुषी बाबु-छोरीको भूमिकामा छन् । उनीहरुको भावनात्मक सम्बन्धको कथा फिल्मले भन्ने जनाइएको छ ।

सुरेश न्यौपानेको डेब्यु निर्देशनमा तयार भएको फिल्ममा सलोन र आयुषीका साथै 'मिस वर्ल्ड नेपाल २०२०'की विजेता नम्रता श्रेष्ठ पनि मुख्य भूमिकामा छिन् । उनले यही फिल्मबाट अभिनेत्रीको रुपमा डेब्यु गरेकी हुन् । यसमा दीलिप रायमाझी, उत्तम केसी, सुमिन गुरुङ र विशाल पहारीको पनि अभिनय रहेको छ । फिल्मको अष्ट्रेलियामा प्रिमियरको तयारी भइरहेको जानकारी प्राप्त छ ।

सलोन स्वयं प्रस्तुतकर्ता रहेको फिल्ममा सक्षम सुवेदी र करिश्मा केसी निर्मातामा छन् । सान्भी इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको फिल्ममा सुमन गजमेरको स्क्रिप्ट लेखन, सौरभ लामाको छायांकन, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको संगीत, बन्दे प्रसादको सम्पादन, राजेन्द्र मोक्तानको कलर तथा कविराज गहतराज र शिशिर खातीको कोरियोग्राफी रहेको छ ।




# सामाजिक सञ्जालमा कार्यकर्ता उतार्दै एमाले

काठमाडौं/सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेले जनतासँग जोडिने अरू मोर्चाहरूमा पनि सक्रिय रहने नीति लिएको छ । संसदमा सत्तारुढको भूमिका निर्वाह गरिरहेको एमालेले जनप्रदर्शन, संगठन निर्माण र सामाजिक सञ्जाल उपयोगलाई एकसाथ अगाडि बढाउन खोजिरहेको देखिन्छ ।

गत ३० मंसिरमा सम्पन्न केन्द्रीय संगठन विभागको कार्यशालाले गरेको निर्णयबाट पनि एमाले सबै मोर्चामा सक्रिय हुन खोजेको प्रस्ट हुन्छ । प्रदेश, जिल्ला र जनसंगठनका अध्यक्ष, सचिव र संगठन विभाग प्रमुखहरू सम्मिलित कार्यशालाबाट एमालेले ६ बुँदे संकल्प गरेको छ । उक्त ६ बुँदे संकल्पमा जनतासँग जोडिने कार्यक्रम प्राथमिकतामा छ । आगामी ३ चैतसम्म 'वडा केन्द्रित अभियान' सञ्चालन गर्ने, 'जनतासँग जनसंगठन अभियान' चलाउने र चैतभित्रै पार्टी सदस्यहरूको सदस्यता नवीकरण सक्ने संकल्प गरिएको छ । यी संकल्प पूरा गर्दा एमालेको आधारभूत तहका कार्यकर्ता चलायमान हुने संगठन विभाग प्रमुख काशीनाथ अधिकारी बताउँछन् ।

'पार्टी बन्नलाई आधार भूत तहका कार्यकर्ता सक्रिय हुन आवश्यक छ । जनतासँग जोडिने कमिटीमा खेप्नु परिरहेको समस्या पहिचान र समाधानको योजना निर्माण आवश्यक छ,' अधिकारी भन्छन् । जनतासँग जोडिएर संगठन निर्माण अभियान चलाउँदा यसपटक एमालेले सामाजिक सञ्जालको उपयोगलाई अधिकतम उपयोग गर्ने नीति लिएको छ ।

'संगठन संरचनामा हामी बलियो छौं । तर बढ्दो सूचना प्रविधिको पहुँचले सामाजिक सञ्जाल प्रयोग गर्नु मानिसको जीवन प्रणाली नै बनिसक्यो' स्थायी कमिटी सदस्य भानुभक्त ढकाल भन्छन्, 'अब हाम्रो पार्टी निर्माण अभियान प्रविधिको क्षेत्रबाट पनि हुन्छ ।' प्रविधिलाई भरपूर उपयोग गर्ने नीति अन्तर्गत यही वर्षभित्रै पार्टी सदस्यहरूको विवरण अनलाइन माध्यममा अपडेट गरिसक्ने एमालेको संकल्प छ । स्थायी कमिटी सदस्य ढकाल, आमनागरिकको जीवन प्रणाली सूचना प्रविधिमा आधारित हुँदा पार्टी सञ्चालन प्रणाली पनि परिवर्तन गर्न आवश्यक ठानिएको बताउँछन् ।

अर्थात् आगामी चुनावबाट बहुमत ल्याउन 'मिसन ०८४' को लक्ष्य लिएको एमालेले सत्ता, संसद र सडकसँगै सामाजिक सञ्जालको उपयोगलाई सशक्त बनाउने योजना बनाएको छ । ६ बुँदे संकल्पको अन्तिम बुँदाबाट पनि पार्टी निर्माणको नयाँ क्षेत्रमा एमाले प्रवेश गर्न लागेको उल्लेख छ । 'यो कार्यशाला पार्टी र नेतृत्वका विरुद्ध षडयन्त्र र कुप्रचारको जमेर प्रतिवाद गर्दै पार्टी नीति, नेतृत्व र राजनीतिक कार्यदिशालाई जनताबीच स्थापित गर्ने संकल्प गर्दछ', संकल्पमा भनिएको छ । यसअघि २८ मंसिरमा सम्पन्न सचिवालय बैठकबाट पनि सामाजिक सञ्जाल उपयोग बढाउन एमालेले कार्यकर्ताहरूलाई आह्वान गरेको थियो ।

''हाम्रो पार्टीले गलत प्रचारको आलोचना गर्नुपर्छ, खण्डन गर्नुपर्छ, सही विचारहरूको पक्षमा दृढतापूर्वक उभिनुपर्छ' सचिवालय बैठकको निर्णय सुनाउँदै उपमहासचिव प्रदीप ज्ञवालीले भनेका थिए, 'गलत कुराहरूको यथोचित प्रतिवाद (राजनीतिक रूपले त्यसको खण्डन) पनि गर्नु, यो कुरामा पार्टी पंक्तिलाई आह्वान गरेको छौं ।'

संगठन विभागको कार्यशालामा (२९-३० मंसिरमा) महासचिव शंकर पोखरेलले त सामाजिक सञ्जालको उपयोग नेताहरूको मूल्यांकन गर्ने एउटा मानक नै हुनुपर्ने बताएका थिए । 'नेताहरूको मूल्याकंनको एउटा आधार सामाजिक सञ्जालमा पार्टी मान्यताहरूको रक्षा र अफवाहरूको प्रतिवाद उसले कसरी गर्छ भन्ने हुनुपर्छ,' महासचिव पोखरेलले भनेका थिए, 'तर सामाजिक सञ्जालको सक्रियता एउटा मूल्यांकनको सम्पूर्ण आधार होइन ।'

**नयाँको दबाबमा एमाले**

यसरी पार्टीको औपचारिक फोरममा अहिले यस्तो निर्णय गरिए पनि आन्तरिक प्रशिक्षणहरूमा नेताहरूले सामाजिक सञ्जालको उपयोग बढाउन निर्देशन दिंदै आएका थिए । सामाजिक सञ्जालमा लाइक, कमेन्ट र सेयर बढाउन निर्देशन दिने क्रममा उपमहासचिव विष्णु रिमाल त विवादमै परेका थिए ।

अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीको फेसबुक पेजमा फलोअर बढाउन निर्देशन दिने क्रममा उपमहासचिव रिमालले धरानका मेयर हर्क साम्पाङको समेत उदाहरण दिएका थिए । काठमाडौं महानगरका मेयर बालेन, रास्वपाका सभापति रवि लामिछानेसँगै धरानका मेयर साम्पाङबारे दिएको अभिव्यक्ति विवादमा परेपछि रिमालले प्रष्टोक्ति नै दिनुपरेको थियो ।

नेताहरूका अनुसार रिमाल विवादमा परेर चर्चामा आएपनि अहिले पार्टीका हरेकजसो प्रशिक्षणमा सामाजिक सञ्जालको प्रयोग बढाउन प्रोत्साहन गरिँदै आएको छ । 'पार्टीका अध्यक्षविरुद्ध भइरहेको गलत प्रचारको खण्डन गर्नुपर्छ । नेताहरूले लेख्ने स्टाटस सेयर गर्नुपर्छ भन्ने निर्देशन भइरहेको छ,' बागमती प्रदेशका एक नेता भन्छन्, 'नेताहरूमा सामाजिक सञ्जाल पनि पार्टीको कामको अनिवार्य क्षेत्र हो भन्ने बुझाइ छ ।'

२०७९ को आमचुनावमा रवि लामिछाने, बालेन र हर्कहरूले पाएको अप्रत्याशित मतको आधार सामाजिक सञ्जालमा हुने प्रचार नै भएको एमाले नेताहरूले निष्कर्ष छ । यद्यपि सस्तो प्रचारबाजीबाट बनेको जनमत दिगो नहुने पनि उनीहरूको तर्क छ । तर पनि सामाजिक सञ्जालको उपयोग बढाउनैपर्ने दबाबमा एमाले नेतृत्व परेको देखिन्छ । बेलाबेला अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीको फेसबुक पेजमा देखिने लफडा त्यसैको उदाहरण हो ।

गत भदौ दोस्रो साता काठमाडौं मेयर बालेनका समर्थकहरूबाट प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओलीको फेसबुक पेज अनफलो अभियान चल्यो । असंगठित समूहबाट चलेको त्यो अभियानबाट एमाले नेताहरू त्रसित देखिए । महासचिव पोखरेलले स्टाटस लेखेरै ओलीको पेज फलो गर्न निर्देशन दिनुले अनफलो अभियानको डर कुन तहसम्म थियो भन्ने बुझ्न सकिन्छ । ह्यास ट्यास अनफलो अभियानको विपक्षमा फलो अभियान चलाइनुमा ओलीको लोकप्रियता घटेको सन्देश नआजोस् भन्ने नेताहरूको बुझाइ कारण थियो ।

अहिले त प्रधानमन्त्री ओलीको पेजमा फलोअर नदेखिने बनाइएको छ । तर पार्टीले कार्यक्रम नै बनाएर सामाजिक सञ्जालमा कार्यकर्ता उतार्ने अभियान सुरु गरेको छ ।

*(स्रोतः अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# संघकै कारण प्रदेशले काम गर्न नसकेको मन्त्री काफ्लेको गुनासो

साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले संघीय सरकारकै कारण प्रदेशले आफ्नो गतिमा काम गर्न नसकेको गुनासो गरेका छन् ।



सिन्धुलीको तीनपाटन गाउँपालिका-८ बाहुनतिल्पुङमा नवनिर्मित प्रशासकीय भवनको उद्घाटन गर्दै काफ्लेले संघ सरकारले प्रदेशलाई कानुनी संरचना नदिएकाले अपेक्षाकृत गति लिन नसकेको धारणा राखे । 'प्रदेशले जुन गतिमा काम गर्नुपर्थ्यो त्यो गर्न हामीले सकेका छैनौं । जसको कारण संघ आफैं हो । संघले प्रदेशलाई आफ्नो गतिमा काम गर्नेगरी कानुन नै बनाइदिएन,' उनले भने ।

मन्त्री काफ्लेले कांग्रेस महामन्त्री गगन थापाको अनाहकमा खिल्ली उडाइएको भन्दै प्रतिवाद गरे । उनले नेताहरुले समृद्धिको सपना देख्नु अस्वाभाविक नरहेको बताए । उपनिर्वाचनको प्रचारका क्रममा कीर्तिपुरमा आयोजित चुनावीसमामा महामन्त्री थापाले युवाहरुले प्रविधिको प्रयोग गरेर लाखौं कमाउनसक्ने धारणा व्यक्त गरेपछि उनको आलोचना भएको थियो । आलोचकलाई जवाफ दिँदै मन्त्री काफ्लेले भने, 'उन्नतिको सपना नदेख्ने पनि कहिँ नेता हुन्छ र ?'

उनले बीपी कोइराला र किसुनजीले देखेका सपना स्मरण गर्दै अगाडि भने, 'अहिलेका नेताले पनि त्यस्तै दृष्टिकोण राख्नुपर्छ । गगन थापालाई अनावश्यक ट्रोल गर्ने काम भयो ।' उनले तीनपाटन गाउँपालिकाको जौखोरीया-चकमकेको सडक निर्माणका लागि बागमती प्रदेश सरकारले आर्थिक सहयोग गर्ने आश्वासन दिए ।

# दिव्य बालउद्यानमा खुला व्यायामशाला

साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/हेटौंडा उपमहानगरपालिकाको ९ नम्बर वडास्थित दिव्य बालउद्यानमा खुला व्यायामशाला स्थापना गरिएको छ । वडा कार्यालयको सहयोगमा स्थापना गरिएको व्यायामशाला भर्खरै सञ्चालनमा ल्याइएको हो ।

९ नम्बर वडाका वडाअध्यक्ष सुकराम केसीले वडाबासीको स्वस्थ जीवनशैली विकासका लागि बालउद्यानमा व्यायामशाला सञ्चालन गरिएको जानकारी दिए । 'वडाबासीलाई स्वस्थ जीवनशैलीका लागि पनि वडाले काम गर्नुपर्छ भनेर हाम्रो सहयोगमा यो बनाइएको छ । बिहानबलेुकाको समय मिलाएर व्यायामशालाको प्रयोगबाट स्वस्थ जीवन बनाउन सकिन्छ' उनले भने ।

व्यायामशाला निर्माणका लागि ९ नम्बर वडा कार्यालयले ७ लाख रुपैयाँ बजेट उपलब्ध गराएको थियो । गत मंसिर दोस्रो हप्ताबाट व्यायामशाला निर्माण सुरु गरिएको थियो । व्यायामशालामा ढलानसहित १० किसिमका उपकरण रहेको छ । ९ नम्बर वडामा यसअघि नै हेटौंडा औद्योगिक क्षेत्रको खेलमैदानमा व्यायामशाला निर्माण गरिएको थियो । व्यायामशालामा दैनिक १ सय जनाले सेवा लिन सक्ने वडाध्यक्ष केसीले बताए ।

# सिस्नेरी-दक्षिणकाली सडक ११ पुससम्म बन्द

साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/हेटौंडा र काठमाडौं जोड्ने सिस्नेरी-दक्षिणकाली सडकमा बुधवारदेखि ११ पुससम्म सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्याम् अर्यालले यो सडकअन्तर्गत दक्षिणकाली-छैमलेमा कालोपत्र गर्न लागिएको कारण सवारी सञ्चालनमा रोक लगाइएको जानकारी दिए । यस्तै सडक स्तरोन्नतिका लागि कुलेखानी-फाखेल-मातातीर्थ सडकमा पनि यातायात सञ्चालनमा रोक लगाइएको छ ।

कुलेखानी-फाखेल-मातातीर्थ सडक बन्द हुँदा सवारी साधनलाई वैकल्पिक मार्ग हेटौंडाबाट काठमाडौं जोड्ने कान्तिलोकपथ सडक, त्रिभुवन राजपथ, नारायणगढ मुग्लिन सडकमा भने हाल सवारीसाधन सञ्चालन भइरहेको मकवानपुर जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# सुखसमृद्धि बचतको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/हेटौंडा-१० स्थित सुखसंमृद्धि बचत तथा ऋण सहकारी संस्थाको १४ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।



संस्थाकी अध्यक्ष रेणु ज्ञवालीको सभाध्यक्षता र हेटौंडा-१० का वडाअध्यक्ष फुर्वादोर्जे लामाको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो । हेटौंडा उपमहानगर सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, जिल्ला बहुउदेशीय सहकारी संघ अध्यक्ष रामहरि न्यौपाने, जिल्ला बचत संघका कोषाध्यक्ष बिष्णु लामा, हेटौंडा-१० का वडासदस्य ईश्वर मैनाली, राष्ट्रिय सहकारी बैंक हेटौंडाका बिक्रम पौडेल, सहकारीका पूर्वअध्यक्ष सुशिला पाण्डे मानन्धर, सुखसंमृद्धि साकोसकी सल्लाहकार शर्मिला डंगोललगायतको उपस्थिति रहेको थियो ।

७६ लाख ८२ हजार सेयरपूँजी रहेको यो सहकारीको ऋण लगानीबाट ब्याज आम्दानी २७ लाख ८१ हजार रुपैयाँ रहेको प्रतिबेदन भेलामा प्रस्तुत गरिएको थियो । संस्थाले २ करोड ४० लाख रुपैयाँ ऋण लगानी गरेको बताइएको छ । संस्थाको जगेडा कोषमा ३२ लाख ८७ हजार रुपैयाँ रहेको छ ।

# व्यवसायीको घरदैलोमा उम्मेदवार अग्रवाल

साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/मकवानपुर उद्योग वाणिज्य संघको आसन्न निर्वाचनमा अध्यक्षका उम्मेदवार अनिल अग्रवाल मत माग्दै व्यवसायीको घरदैलामा पुगिरहेका छन् ।

विभिन्न अवधारण लिएर अध्यक्षका प्रत्यासी अग्रवाल नेतृत्वको समूह व्यवसायीको टोली बुधबार दिनभर हेटौंडा बजारक्षेत्रका मतदाता समक्ष पुगेका छन् । संघका अध्यक्षका प्रत्यासी अग्रवाल, वाणिज्यतर्फ उपाध्यक्ष पदका उम्मेदवार राजु अधिकारी, युवा व्यवसायी विकेशलाल श्रेष्ठ, वाणिज्यतर्फ सदस्य पदका उम्मेदवार रविन ढकाललगायत चुनावीमाहौल आफ्नो पक्षमा बनाउन घरदैलोमा व्यस्त भएका छन् ।

उनीहरुले कान्तिराजपथ, मेनरोड, बुद्धचोक हुँदै टीसीएन बाइपास रोडसम्मका व्यवसायीको गुनासो सुन्दै मत मागेका छन् । घरदैलोको क्रममा व्यवसायीबाट पाएको मायाका कारण आफ्नो समूहलाई निर्वाचनमा सफलता मिल्ने दावी अध्यक्षका प्रत्यासी अग्रवालले गरे । संघको निर्वाचन प्रक्रिया पुस २४ गतदेखि २७ गतेसम्म चल्नेछ ।


# हेटौंडा उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## आर्थिक विकास महाशाखा (पशुपन्छी विकास शाखा)

हेटौंडा, मकवानपुर

## अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हान सम्बन्धी सूचना !

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।०९।०४ गते)*

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखाको आ.व.२०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) अनुसार तपशिलका कार्यक्रमहरु स्थानिय तहमा बिनियोजिन शसर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम सञ्चालन गर्न उपमहानगरपालिका क्षेत्र भित्रका सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्वेश्यीय सरकारी/निजी क्षेत्रहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मिति: २०८१।०९।२४ गते) भित्रमा कार्यालय समयमा आवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी वा म्याद नाघि प्राप्त भएका निवेदन उपर कुनै कारवाही गरिने छैन ।

**तपशिल:**

| क्र.सं | कार्यक्रमको नाम | वडा | बजेट | साझेदारी प्रतिशत | साझेदार संस्था/आवेदक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम (अपाङ्ग कृषकको लागी मौरीपालन, बाखा पालन र बङ्गुर पालन) हेटौंडा-२ | हे-२ | १०,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्वेश्यीय सरकारी/निजी क्षेत्र | |
| २ | कृषि व्यवसाय (मासु प्रशोधन तथा बजारीकरण) प्रवर्द्धन कार्यक्रम हेटौंडा-३ | हे-३ | १०,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्वेश्यीय सरकारी/निजी क्षेत्र | |
| ३ | पन्छी (लोकल कुखुरा) प्रवर्द्धन कार्यक्रम हेटौंडा उ.प.न.पा.१६ | हे-१६ | ५,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्वेश्यीय सरकारी/निजी क्षेत्र | |
| ४ | पन्छी (लोकल कुखुरा) प्रवर्द्धन कार्यक्रम हेटौंडा-३ | हे-३ | १०,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्वेश्यीय सरकारी/निजी क्षेत्र | |
| ५ | पशुपालन (पाडापाडी प्रवर्द्धन कार्यक्रम) हेटौंडा-१५ | हे-१५ | १०,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्वेश्यीय सरकारी/निजी क्षेत्र | |
| ६ | पशुपालन प्रवर्द्धन कार्यक्रम हेटौंडा-६ | हे-६ | ५,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्वेश्यीय सरकारी/निजी क्षेत्र | |
| ७ | पशुपालन प्रवर्द्धन कार्यक्रम (पाडापाडी) हेटौंडा-१२ | हे-१२ | ५,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्वेश्यीय सरकारी/निजी क्षेत्र | |
| ८ | पशुपालन प्रवर्द्धन कार्यक्रम हेटौंडा-७ | हे-७ | १०,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्वेश्यीय सरकारी/निजी क्षेत्र | |
| ९ | पशुपालन प्रवर्द्धन (गाईपालन) कार्यक्रम हेटौंडा-८ | हे-८ | १०,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्वेश्यीय सरकारी/निजी क्षेत्र | |
| १० | बाखा प्रवर्द्धन कार्यक्रम हेटौंडा-३ | हे-३ | १०,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्वेश्यीय सरकारी/निजी क्षेत्र | |

**आवश्यक कागजातहरु:**

१. निवेदन, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी शाखामा दिनुपर्नेछ ।
२. संस्थाको हकमा दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपी (नवीकरण सहित), कर चुक्ता र कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपी ।
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र लेखा परीक्षण प्रतिवेदन ।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
५. कार्यक्रम माग गर्ने संस्थाको बैठकको निर्णयको प्रतिलिपी ।
६. कृषक समूह/समिति/सहकारी संस्थाले अनुदान माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाएको पत्र ।
७. प्रस्ताव अनुसारको लागत अनुमान ।
८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
९. सम्बन्धित पशु सेवा केन्द्रको सिफारिस ।
१०. दोहोरो अनुदान नलिएको स्वघोषणा पत्र ।

(**नोट:** विगत २ वर्ष देखि कुनैपनि संघ प्रदेश तथा स्थानीय सरकारबाट सम्बन्धित शीर्षकमा अनुदान नलिएको हुनुपर्नेछ । निबेदन फारम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिकाको कार्यालय, पशुपन्छी विकास शाखामा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।

**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, पशुपन्छी विकास शाखा, हेटौंडा**
**सम्पर्क मो. ०५७-५९०१०२, ९८४५५३८२३२**



# हार्दिक बधाई तथा शुभकामना



कृष्ण सारुमगर
(प्रदेश अध्यक्ष)



हरि हुमागाई
(प्रदेश उपाध्यक्ष)



उज्ज्वल अधिकारी
(प्रदेश सदस्य)



ध्रूव अधिकारी
(उपाध्यक्ष)



बालकृष्ण अधिकारी
(अध्यक्ष)



भावना रिजाल
(उपाध्यक्ष)



केशव सुवेदी समर्पण
(सचिव)



प्रदीप अधिकारी
(कोषाध्यक्ष)



शिव चौलागाई वियोगी
(सहसचिव)



सन्नु रिजाल
(सहसचिव)

नेपाल पत्रकार महासंघको हालै सम्पन्न निर्वाचनबाट बागमती प्रदेश र मकवानपुर जिल्ला समितिमा निर्वाचित सम्पूर्ण पदाधिकारी तथा सदस्यज्यूहरुमा हार्दिक बधाई एवम् कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**राजेन्द्रप्रसाद चौलागाईं** (महासचिव) एवम् **बालगोपाल कँडेल** (अध्यक्ष)

**निर्माण व्यवसायी संघ मकवानपुर, परिवार**

हेटौंडा, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना